"स्वच्छ, हरा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

ललितपुर
३ प्रदेश, नेपाल

फोन : ०१-५५८०६५५
: ०१-५५८०७००
फ्याक्स : ०१-५५८०७०३

मिति : २०७५।०७/०६

**विषय : धरौटी वापतको रकम व्यवस्थापन सम्वन्धि सूचना ।**

श्री संस्थागत विद्यालयहरु सबै
महालक्ष्मी नगरपालिका, ललितपुर

प्रस्तुत सम्बन्धमा यस महालक्ष्मी नगरपालिका भित्रका संस्थागत विद्यालयहरु तथा पूर्व प्राथमिक विद्यालयहरुले (किण्डरगार्टेन, शिशु स्याहार केन्द्र, वालविकास केन्द्र, मन्टेश्वरी । "महालक्ष्मी नगरपालिकामा विद्यालय शिक्षा, सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७४" बमोजिमको धरौटी रकमको व्यवस्थापन नगर शिक्षा समितिको मिति २०७५।०५।२१ गतेको निर्णयानुसार मिति २०७५।०९।३० गते सम्ममा गरी सक्नु हुन जानकारी गराइन्छ । साथै नगरकार्यपालिकाको मिति २०७५।०६।०४ गतेको बैठकले "महालक्ष्मी नगरपालिकामा विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७४" को नियम १३ मा देहाय बमोजिम संशोधन गरेकोले सोही बमोजिम गर्नु हुन समेत निर्देशानुसार अनुरोध छ ।

१) विद्यालयले "महालक्ष्मी नगरपालिकामा विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७४" को अनुसूचि १३ बमोजिमको धरौटी वापतको रकम नेपाल राष्ट्र बैंकवाट क वर्गको इजाजत प्राप्त बैंकमा विद्यालयको नाममा मुद्दति खाता खोली जम्मा गर्नुपर्ने छ ।
२) उपनियम १) बमोजिमको मुद्दति खाताको सञ्चालन विद्यालय व्यवस्थापन समितिले तोकेको व्यक्ति र नगरपालिकाका लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।
३) उपनियम १) बमोजिम बैङ्कमा जम्मा गरिएको रकमबाट प्राप्त भएको ब्याजको रकम विद्यालयको काममा खर्च गर्न सकिनेछ ।
४) उपनियम १) बमोजिमको धरौटीको नविकरण र विद्यालयको खाताको सञ्चालन परिवर्तन गर्दा विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले बैंकलाई सिफारिस गर्नेछ ।

२०७५/०७/०६
माधवप्रसाद पोखेल
शाखा अधिकृत

बोधार्थ
श्री नगरप्रमुख, महालक्ष्मी नगरपालिका : जानकारीका लागि